# छैठौ गाउँसभा अधिवेशनको पहिलो बैठक

## प्रस्तावहरुः

२०७६।०७७-०२।०१ घिरिङ गाउँपालिका तनहुँ वडा नं १ को केन्द्र निर्धारण सम्बन्धमा।

२०७६।०७७-०२।०२ घिरिङ गाउँपालिका तनहुँको कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा।

२०७६।०७७-०२।०३ आर्थिक बर्ष २०७६।०७७ को बजेटका शिर्षकान्तर तथा योजनाहरुको हिज्जे परिमार्जन।

२०७६।०७७-०२।०४ आर्थिक बर्ष २०७७।०७८ को लागी सिंचाइ तथा तटबन्धनका योजना छनौट सम्बन्धमा।

२०७६।०७७-०२।०५ केही घिरिङ संशोधन ऐन, २०७६ सम्बन्धमा।

२०७६।०७७-०२।०६ विविध सम्बन्धमा।

## निर्णयहरुः

### निर्णय नं गाउँसभा २०७६।०७७-०२।०१

प्रस्ताव नं गाउँसभा २०७६।०७७-०२।०१ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको निर्णयअनुसार घिरिङ गाउँपालिका तनहुँको वडा नं १ को लागी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद -२ दफा ६ उपदफा (७) को अधिनमा रहेर देहायबमोजिमको स्थानमा वडा केन्द्र तोक्ने निर्णय गरियोः

देहायः

**घिरिङ गाउँपालिका वडा नं १ अमराइचौर पुट्टार, तनहुँ, गण्डकी प्रदेश नेपाल।**

### निर्णय नं गाउँसभा २०७६।०७७-०२।०२

प्रस्ताव नं गाउँसभा २०७६।०७७-०२।०२ माथि छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को बैठक नं २०७६।०७७-००१ देखी २०७६।०७७-००९ सम्मका कार्यपालिका बैठकका निर्णयहरुमा निर्णय नं २०७६।०७७-००९।०६ को विविध तर्फको निर्णय ५ मा आर्थिक बर्ष २०७६।०७७ साउन देखी लागुहुने गरी थप प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी शंसोधन सहित बाँकि सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

### निर्णय नं गाउँसभा २०७६।०७७-०२।०३

प्रस्ताव नं गाउँसभा २०७६।०७७-०२।०३ माथि छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको गाउँसभाको पाचौ अधिवेशनको दोश्रो बैठकबाट पारित आर्थिक बर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रममा देहाय बमोजिम शिर्षकान्तर र रकमान्तर गर्नेः

| शिर्षकान्तर रकमान्तर गर्ने योजनाहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र स | हालको शिर्षक | बिनियोजित रकम | शिर्षकान्तर रकामान्तर बजेट रकम रु | बिनियोजित बजेट रु | कैफियत |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाभित्र विद्युत लाइन विस्तार खर्च शिर्षक ३११५३ | १ करोड ४० लाख | घिरिङ गाउँपालिका छानुङ मानुङ खण्ड विद्युतिकरण | १७ लाख मात्र | बाँकी बजेट सोही शिर्षकमा राख्ने। |
| | | | घिरिङ गाउँपालिका १ २ र ४ खण्ड विद्युतिकरण | ६१ लाख मात्र | |
| | | | गजरकोट घिरिङ सांध विद्युतिकरण | १५ लाख मात्र | |
| | | | घिरीङ १ र २ वडाको घ्याछाप पुट्टार विद्युतिकरण | ४३ लाख | |
| योजनाको हिज्जे परिमार्जन देहायबमोजिम गर्ने | | | | | |
| क्र स | हाल रहेको योजनाको नाम | वडा नं | परिमार्जन गरिएको योजनाको नाम | वडा नं | कैफियत |
| १ | शालिकराम करिडोर शिबालय मन्दिर पक्कीपुल निर्माण | १ | शालिकराम करिडोर शिवालय मन्दिर हुदै पुलसम्म पुग्ने मोटरमार्ग योजना | १ | |
| २ | धेनुङ हटिया तल्लो पंधेरा लिफ्टीङ योजना | ५ | धेनुङ हटिया खानेपानी योजना | ५ | |
| ३ | धावदी मुल फवाङ खोला खानेपानी योजना | १ | पुट्टार धाव खानेपानी तथा सरसफाइ योजना | १ | |
| ४ | ठुलिफेदी डुडेदह खानेपानी मर्मत योजना | १ | ठुलिफेदी डुडेरह खानेपानी मर्मत योजना | १ | |
| ५ | खेलाङ्दी पक्की पुल निर्माण योजना | २ | खेलाङ्दी पक्की पुलसम्म पुग्ने मोटरमार्ग निर्माण योजना | २ | |
| ६ | वन्टार खानेपानी योजना | १ | टोकल्दी खानेपानी योजना बन्टार | १ | |
| ७ | कुटुम्दी कुलो डुँड निर्माण | १ | कुटुम्दी खेत कुलो निर्माण योजना | १ | |
| ८ | स्कुल चोक सुखौरा वाक्ले मोटरमार्ग | १ | स्कुल चोक सुखौरा हुदै पक्की पुल जाने मोटरमार्ग निर्माण | १ | |
| ९ | भोरकोट खानेपानी योजना | २ | झारपादी खानेपानी योजना | २ | |
| १० | डुम्रिघाट चिडिया मोटरमार्ग | १ | चिडिया डुम्रिघाट मोटरमार्ग योजना | २ | |
| ११ | पार्वती महिला विकासको खोप भवन निर्माण योजना | २ | पार्वती महिला विकासको भवन निर्माण योजना | २ | |

## निर्णय नं गाउँसभा २०७६।०७७-०२।०४

प्रस्ताव नं गाउँसभा २०७६।०७७-०१।०४ को प्रस्तावमाथि छलफल गर्दा देहायबमोजिमका योजनाहरु छनौट गर्नेः

देहायः

| क्र स | योजनको नाम र ठेगाना | शिर्षक | कैफियत |
|---|---|---|---|
| १ | भण्टार सिँचाइ योजना घिरिङ १ तनहुँ | सिंचाइ तर्फ | |
| २ | मजुवा सिंचाइ योजना घिरिङ २ तनहुँ | | |
| ३ | करुवाटार बटौलिटार सिंचाइ योजना घिरिङ ४ तनहुँ | | |
| ४ | गैरीकूलो सिंचाइ योजना घिरिङ ३ तनहुँ | | |

| | | | |
|---|---|---|---|
| ५ | भण्टार तटबन्धन योजना घिरिङ १ तनहुँ | तदबन्ध तर्फ | |
| ६ | मजुवा तटबन्धन योजना घिरिङ २ तनहुँ | | |
| ७ | करुवाटार बटौलिटार तटबन्धन योजना घिरिङ ४ तनहुँ | | |

**निर्णय नं गाउँसभा २०७६।०७७-०२।०५**

प्रस्ताव नं गाउँसभा २०७६।०७७-०१।०५ को प्रस्तावमाथि छलफल गर्दा केही घिरिङ संशोधन गर्ने ऐन, २०७६ मा देहायबमोजिमका ऐन तथा कानुनहरु संशोधन गर्नेः

१. घिरिङ गाउँपालिका तनहुँको आर्थिक ऐन, २०७६ को अनुसूचि १६ अन्य दस्तुर अन्तर्गत देहायबमोजिम गर्नेः

ढुङ्गा गिटी बालुवा माटो बाहिर लैजादा गर्ने सिफारिस प्रति घनमिटर रु ५०

पशु निकासी पैठारी दस्तुर भैसी राँगो प्रति गोटा रु २०० कायम गर्ने ।

२. अन्य प्रस्तावहरु आगामी गाउँसभा बैठकमा पेश गर्ने ।

**निर्णय नं गाउँसभा २०७६।०७७-०२।०६**

प्रस्ताव नं गाउँसभा २०७६।०७७-०२।०६ को विविध प्रस्तावमाथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गर्नेः

क) चालू आर्थिक बर्ष २०७६।०७७ मा सम्पन्न हुने योजनाहरुमा उपभोक्ता समितिको तर्फबाट व्यहोर्ने लागत सहभागिताको हिस्सा सम्पूर्ण योजनाहरुमा दश (१०) प्रतिशत जनसहभागिता कायम गराउने गरी संशोधन गर्ने यस अघी सम्झौता भइ कार्यान्वयन भइसकेका सम्पुर्ण योजनाहरुलाइ सोही बमोजिम कार्यान्वयन गराउने निर्णय गरियो ।

ख) ठेक्काको म्याद थप सम्बन्धमा छलफल गर्दा अन्वेषा कन्स्ट्रकसन छाङ ५ तनहुँ वाट सञ्चालन मा रहेको योजनाको नाम ठेगाना घिरिङको भ्यू टावर निर्माण घिरिङ ३ तनहुँको म्याद २०७६ चैत्र मसान्त सम्मको लागि थप गर्ने ।

ग) ठेक्काको म्याद थप सम्बन्धमा छलफल गर्दा सुर्य एन्ड सन्स प्रालि पुष्पान्जली जे भि सुनसरी (करदाता नं ६४२१०६४९) बाट निर्माण गरेको योजना दीपक मावि भवन निर्माण घिरिङ १ बैडीको म्याद थपको लागि जिल्ला समन्वय समिति तनहुँलाइ सिफारिस गरि पठाउने र जिल्ला समन्वय समितिको निर्णय भएअनुसार म्याद थप गर्ने नगर्ने निर्णय गर्ने ।

घ) न्यायिक संसारलाइ घिरिङ गाउँपालिका तनहुँमा कार्य गर्न अनुमती प्रदान गर्ने ।

ङ) गाउँपालिकाभित्रका देहायबमोजिमका घाटहरु सम्बन्धित वडा समितको प्रत्यक्ष सुपरिवेक्षण तथा निगरानीमा रहेर गाउँपालिकाभित्रका योजनाहरुको सञ्चालनका लागि आवश्यक नदिजन्य पदार्थ उपलब्ध गराउने नदिघाट बाट निकालेको ढुङ्गा गिटी बालुवाको परिणामका आधारमा गण्डकी प्रदेशको निर्धारण गरेबमोजिमको राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नका लागि जिम्मेवारी प्रदान गर्नेः

देहायः

अ) बालुवाटार घाट घिरिङ ४

आ) बालिघाट घिरिङ ४

इ) तिम्सेना घाट घिरिङ १

ई) फूलवारी मालेबगर घाट घिरिङ १

उ) खुम्लिनटार घाट कालिगण्डकी नदि वाँया किनार

सो घाटबाट निकालेको विवरण प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र सम्बन्धित वडा कार्यालयले राजश्व सहित निकासी भएको नदिजन्य पदार्थको विवरण गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्छ।

छैठौ गाउँसभा अधिवेशनको पहिलो बैठक समापन गर्ने आगामी बैठक गाउँपालिका अध्यक्षको आदेशानुसार पुनः आवह्वान गरिनेछ ।